# धर्मकीर्ति

## स्वाँया पुन्ही

बुद्ध र गणेश एकै हो ?

जातक, महाभारत र रामायण

बुद्ध–धर्म र मार्क्सवाद

राम जेठो कि बुद्ध ?

बुद्ध–धर्म र परिवार नियोजन

के हर्क्यूलिस बुद्ध भक्त थिए ?

THE DHARMAKIRTI

A Buddhist Monthly

२५३१ औं बैशाख महोत्सवको उपलक्ष्यमा

विचारोत्तेजक लेखहरूको विशेष अंक

वर्ष– ५ अंक – १ मूल्य ५/– वार्षिक २५/–

Looking for Imported Quality ?

We do offer different varieties of imported sarees, readymade garments and all kinds of luxury goods from abroad.

Greetings

*on auspicious day of*

**Vaisakh Utshav**

Tamrakar House
GA 2-163 Sukra Path
Kathmandu-3, Nepal

Res : 213-968
Shop : 220-907

व्यवस्थापक
प्रेम कुमार शाक्य

सम्पादन सहयोगी
मदनरत्न
रोना बनिया

ने० सं० ११०७

सम्पादक
बरदेश
प्रकाश

बु० सं० २५३१

प्रधान सम्पादक
भिक्षु अश्वघोष

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं

फोन : २-२४५६५

# धर्मकीर्ति

( बौद्ध मासिक )

# THE DHARMAKIRTI

MAY 1987

पूर्णाङ्क-३७ | बैशाख पुह्लो | बैशाख २०४४

★ म मोक्षदाता होइन । म त मार्ग प्रदर्शक मात्र हुँ ।

★ मेरो धर्म एक डुंगा हो, जुन भव संसारलाई पार गर्न हो; पार गरिसकेपछि बोकिराख्नलाई होइन ।

★ तिमी आफ्नो मालिक आफैं छौ, अरु कोही तिम्रो विधाता छैन ।

★ सँधै सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले पनि थिएन, आज पनि छैन, पछि पनि हुने छैन ।

• सम्पादकीय

# यो अंक किन ?

मानिस परिवर्तन चाहन्छन् । परिवर्तनशीलता नै धर्म हो । परिवर्तनशीलता नै चेतना हो । एकै धारामा चलेको विचार वा अन्वेषनको फलस्वरूप प्रयोगमा नल्याइएको चिन्तन शक्तिमा खिया नपर्ला भन्न सकिदैन; र त्यसैले बेला बखतमा नयाँ नयाँ दृष्टिकोण ल्याउन जरूरी हुन आउँछन् र विभिन्न पक्षबाट चिन्तन गर्नु आवश्यक हुन आउँछन् । यही तथ्यलाई अंगाली बुद्ध–धर्म सम्बन्धि केही विचारोत्तेजक लेखहरूको संकलन हामीले गर्न खोजेका छौं । यसमा संकलित कतिपय कुराहरू विवादास्पद छन्, कतिपय रोचक छन् र कतिपय ज्ञानदायक पनि । हरेक पाठकले आफ्नो व्यक्तिगत धारणा अनुसार यी लेखहरू मनन गर्दा होलान् र चित्त नबुझ्दो पक्षमा खिन्न पनि हुँदो होलान् । स्पष्ट गर्न चाहन्छु कि कसैलाई खिन्न पार्न हाम्रो उद्देश्य कदापि होइन । कुनै कुरोमा चर्को विवाद उठाउने पक्षमा पनि हामी छैनौं । प्रस्तुत लेखहरूले बौद्ध विषयप्रति सुषुप्त चिन्तन शक्तिलाई केही मात्रामा भएपनि झस्काउन सकोस्, यही नै विशेष अंकको लक्ष्य हो, र पुनीत वैशाख महोत्सवको उपलक्ष्यमा यही नै हाम्रो प्रयास हो ।

पुनः स्पष्ट गर्न चाहन्छौं कि प्रस्तुत सबै लेखहरूसँग धर्मकीर्तिको पूर्ण सहमति भएको मात्र उपयुक्त नहुन सक्छ । पाठक आफैले पनि चिन्तन गरोस् भनी केही विवादास्पद पक्ष हुने लेखहरू पनि यसमा समावेश गरिएको छन् । विभिन्न समयमा विभिन्न लेखकहरूका विभिन्न पुस्तक पत्रिकामा प्रस्तुतीत विचारधारा हामी यहाँ प्रस्तुत गर्दैछौं । त्यसैले अधिकांश लेखहरू अनुवादीत हुन् । टिका टिप्पणीहरू हटाइएका छन्, स्थानाभावको कारणले । तर साभार पुस्तक पत्रिकाहरू लेखको अन्तमा दिइएका छन् । स्थानाभावको कारणले नै कुनै लेखहरू छोटो पारिएका छन् पनि ।

समाजमा बौद्ध चिन्तन र विचारधाराको जग बलियो पार्न धर्मकीर्तिले सदैव प्रयत्न गर्दै आएको छ । आदर्श व्यक्तित्वको अद्वितीय नमुना गौतम बुद्धको जन्म, बुद्धत्व लाभ र महापरिनिर्वाणको दिन वैशाख महोत्सवको पर्वमा उनका विभिन्न पक्षहरूमा विभिन्न विद्वानहरूले पोलेका विचारधाराको संकलन गरेर धर्मकीर्तिले महामानवलाई र उनको धर्मलाई श्रद्धाञ्जली अर्पण गर्छ । जागरुक पाठकहरूले बौद्ध चिन्तन र दृष्टिकोणलाई अझ बढी तिक्ष्ण बनाई लग्न सकेमा हामी मान्दछौं कि वैशाख महोत्सवको उपलक्ष्यमा यो उहोंहरूको ठूलो अनुष्ठान हुनेछ र यस विशेषांकको लक्ष्य पूर्तिमा ठूलो सहयोग पुग्नेछ ।

२५३१ औं वैशाख महोत्सवमा सबैलाई धर्मकीर्तिको शुभकामना !



• साहित्य

# जातक, महाभारत र रामायण

– भदन्त आनन्द कौशल्यायन

जातक कथा–संग्रह शुद्ध भारतीय साहित्य हुनाले अबौद्ध साहित्यका कथाहरू पनि यो सँग मिल्नु वा यसको प्रभाव तिनीहरूमा देखा पर्नु स्वाभाविक छ । त्रिपिटकमा न महाभारतको कहिं उल्लेख छ, न त रामायणकं । बुद्धकालिन समयको अरु कुनै साहित्यमा पनि छैनन् । सिवि-जातक जस्ता अनेक कथाहरूले महाभारतमा स्थान पाएका छन् । रामायणमा बुद्धको नाम आएको छ । यति मात्र होइन– पूरं रामायण दशरथ जातक, दैवधम्म जातक आदि केही जातकहरूलाई लिएर रचेको जस्तो लाग्छ । यसरी कसरी मिल्न आयो ?

सामान्य मानिसहरू भन्छन् कि महाभारत र रामायण यति पुराना ग्रन्थहरू हुन् कि यिनीहरूमा यदि परवर्ती उल्लेख पाइन्छ भने त्यसलाई पछि मात्र मिलाएको भनेर नै मान्नु पर्दछ । अर्को पक्षको भनाई छ कि महाभारत, रामायणका केही अंश पुरानो भए तापनि त्यसका सम्पादकहरूले त्यसको सम्पादन गरेको बेला धेरै कुरा यसमा मिलाई दिए । यसैकारण महाभारत–रामायण तथा जातकहरूमा यदि केही समानता देखिन्छ भने त्यो जातक कथाहरूकै देन हो ।

हामीहरूलाई लाग्छ कि कुनै कुनै अंशमा त अबौद्ध र बौद्ध साहित्य दुबै एउटै परम्पराका ऋणी छन् । पहिले पहिलेको कथा साहित्य आजकालको जस्तो स्पष्ट रूपमा बौद्ध र अबौद्ध भनेर छुटेका थिएनन् । त्यसबेला एउटै कथाले बौद्धहरूको हातमा परेर बौद्ध रुप र अबौद्ध कलाकारहरूको हातमा परेर अबौद्ध रुप लिए होलान् ।

तैपनि यति त मान्नै पर्छ कि शुरु समयमम्म महाभारत र रामायणका आफ्नो अहिलेको रूपमा न अस्तित्व देखिन आउँछ न त प्रचार नै । पूरा देशमा महाभारत र रामायणको कथा घर–घरमा सुनाउने गरिराखेको तर समकालिन साहित्यमा त्यसको बारेमा कहिं केही नहुनु– यो हुन सक्दैन । डा. भण्डारकर भन्नु हुन्छ कि पतञ्जलीको महाभाष्य सम्ममा परि रामको नाम छैन, न त कुनै पूरानो शिलालेखमा नै । साधारणतया रामायण महाभारत भन्दा पूरानो मानिन्छ । तर कुरो यसको विपरीत छ । श्री धर्मानन्द कोसम्बीको अनुसार रामायणको रामचन्द्र र उहाँको अयोध्या नगरी दुबै नै भारतीय हुने कुरामा शंका छ । रामायणलाई छोडेर पतञ्जलीको समयसम्म पनि कुनै प्राचीन संस्कृत ग्रन्थमा अयोध्याको नाम आउँदैन् । यसैले रामायणको कथामा केही ऐतिहासिकता होस् वा नहोस्, महाभारत र रामायणमा महाभारतनै अपेक्षाकृत पूरानो छ ।

हो, पाँचौ शताब्दीमा आचार्य बुद्धघोष महाभारत र रामायणसँग परिचित जस्तो लाग्छ । उहाँ लेख्नु हुन्छ– "आख्यानको मतलब हो– भारत, रामायण आदि । त्यो कथा जहाँ भइरहेको छ, त्यहाँ जान योग्य छैन ।" फेरि अर्को ठाउँमा भारत–युद्ध, सीता–हरण आदिलाई निरर्थक भन्नु भएको छ । जयद्दिस जातक (५१३) मा राम दण्डकारण्य जानु भएको उल्लेख छ । आफ्नो जुन अविकसित रूपमा जातक–कथाका कथाहरूले महाभारत र रामायणमा आएर विकास पाए, त्यसबाट यही पक्ष ठीक लागेर आउँछ कि यी कथाहरूको आरम्भिक रूपको लेखा जातक-कथाहरूमा विद्यमान छन् र पछि मात्र सुन्दर रूपका रामायण र महाभारत आएका थिए ।

घट जातक एक किसिमको सानो भागवत नै हो । त्यसमा कृष्ण जन्म देखि लिएर कंसको हत्यासम्म र फेरि द्वारिका गएर बस्ने सम्मको सबै कथा आएको छ । त्यसमा चानूर र मुष्टिक पहलवानको हत्या गर्ने जस्तो सा–साना कुराहरू पान छन् । तर श्री मद्भागवत स्पष्ट रूपले पछिको चीज भएकोले यसमा सन्देह छैन् कि कृष्ण जन्मको कथा आफ्नो प्राचीन रूपमा जातकमानै छन् ।

जे होस्, महाभारत रामायणका कथाहरूसँग मिल्ने जातकमा जुन कथाहरू छन् तिनीहरूको आफ्नै महत्व छ र त्यो कम छैनन् ।

( साभार: भूमिका: जातक प्रथम खण्ड )

# बौद्ध पुनर्जन्मको नयाँ व्याख्या

– भिक्षु अरियानन्द, अस्ट्रेलिया

धेरै कट्टर बौद्धहरूले हाम्रो यो वर्तमान जीवन वास्तवमा जीवनहरूको लामो शृङ्खला मध्ये एक हो भनी मान्छन् । मृत्यु यसको अन्त होइन । हरेक मृत्यु पछि अर्को जन्म आउँछ– यहाँ वा कुनै अर्को ठाउँमा, मानिस वा कुनै अर्को रूपमा मानिसको भविष्यका जीवनहरूलाई उसका पूर्व कर्महरूले नियन्त्रण गर्दछन् । राम्रा कर्महरूले भावी जन्म पृथ्वीको कुनै असल, धनी कुलमा वा कुनै एक स्वर्गमा जन्माइ दिन्छ; र नराम्रा कर्महरूले भावी जन्म कुनै एक नरक वा दयनीय ठाउँमा पुऱ्याइदिन्छ । हुनत मानिसको भावी स्थान वर्तमान जीवनका कर्महरूमा बढी भर पर्छन्, खास गरी जीवनको अन्तिम अवस्थाको कर्ममा । पूर्व जन्मका ती कर्महरूले पनि, जसका फल उसले भोगेका छैनन्, उसलाई प्रभाव पार्छन् । कर्म र फलको यो प्राकृतिक नियमले सँधै न्याय गर्छ, चाहे यसको लागि युगौं युग किन नबितोस् ।

जन्म र मृत्युको यो शृङ्खला अनन्त कालदेखि हुँदै आएको छ; र यदि आफ्नै यसबाट फुट्कन खोजिन भने अनन्त कालसम्म जानेछ । यो शृङ्खलालाई "संसार" भनिन्छ । यसबाट मुक्तिलाई "निर्वाण" भनिन्छ, जुनकि प्रकृतिको सत्य स्वरूपलाई भिन्नैदेखि बुझ्नाले प्राप्त हुन्छ । पुनः जन्महरू रोक्ने निर्वाणको प्राप्ति नै बौद्ध साधकहरूको उद्देश्य हो ।

हुनत बौद्ध ग्रन्थहरूमा जीवनको यो व्याख्यालाई प्रत्यक्ष सत्यका रूपमा मानिन्छन्, तर सजिलैसित विश्वलाई शंका गर्न पनि सकिन्छन् । साँचो कुरो हो कि एक दुई जना बालकहरूले पूर्व जन्मका कुरा सम्झन सक्छन् भनेर दावी गरिन्छन्, तर संसारमा यस्तो कोही पनि छैन जो आफूलाई जन्म र मृत्युको युगौंदेखि चलिरहेको शृङ्खलाबाट स्पष्टतया बाँधिएको महशुश गर्छन् र तुरन्तै यसबाट मुक्त हुन ठूलो आवश्यकता देख्छन् ।

मानौं यी सबै कुरा एक रूपक हो जसमा "जन्म" र "मृत्यु" को वास्तविक अर्थ मानसिक भावना (चित्त) का उत्पन्न र विनाश हुन् । यी शाब्दिक अर्थहरू चेतनाको शृङ्खला सम्बन्धि हाम्रो वर्णनसंग मिल्न आउँछ । मृत्युको एकै क्षण अगाडि के हुन्छ भने कुरा तल दिइएका जुनकि बौद्धग्रन्थहरूमा उल्लेखित छन्–

"मरणासन्न व्यक्तिले पूर्व जन्मका कुनै असरदार कुराहरू सम्झन्छन् र मनको आँखाले त्यो घटना सम्बन्धि कुनै कुरो देख्छन् । कसैको हत्या गर्ने हत्याराले सायद वध्यु सम्झदो होला; र एक दयालुले कुनै एक व्यक्तिलाई सम्झदो होला जसलाई उसले उद्धार गरेको थियो । यो कर्म पछि भावी स्थान आउँछ । हत्याराले सायद नाटकीय अग्नी देख्दो होला, दयालुले स्वर्ग देख्दो होला ।"

दशौं शताब्दीको मनोवैज्ञानिक पुस्तक अभिधम्मत्थ संग्रहमा पनि त्यस्तै कुरो छ–

"मरणासन्न व्यक्तिले निम्न ३ कुराहरू सम्झन्छन्–

१) भविष्य निर्धारित गर्ने कर्म

२) कर्म चिह्न, कुनै वस्तु जुन कर्म गर्नेलाई प्रयोग गरिएको थियो ।

३) फल चिह्न, नयाँ जन्ममा अनुभव गरिने कुनै प्रतिक चिह्न"

यो वर्णन हामीले वर्णन गरेको शृङ्खलासँग ठ्याम्मै मिल्दछ । कर्म चिह्न एक मानसिक भावना (चित्त) अन्त हुने बेलाको चित्रण हो, फल चिह्न त्यसपछि उत्पन्न हुने प्रतिबिम्ब हो र छनौटको काम नै कर्म हो । स्वर्ग वा नरक, जहाँ पुनर्जन्म हुन्छ, तो हुन् मानसिक भावना (चित्त) हरूबाट उत्पन्न राम्रा नराम्रा मानसिक अवस्था-हरू । जीवन – काल भन्नु नै हरेक चित्तका अवधि हुन् ।

पाली शब्दकोशमा वर्णित "प्रतिसन्धि" अर्थात पुनर्जन्मको वास्तविक अर्थ पुनर्जन्म होइन । यसको शाब्दिक अर्थ हो पुनः सन्धि (शृङ्खला) । त्यसैले हामीले विचार गरेको ठीक हुन सक्छ । "जीवको जन्म र मृत्यु" लाई "मानसिक चित्तहरूको उत्पत्ति र विनाश", तथा बौद्धहरूको "संसार" लाई चित्त वा चेतनाहरूको शृङ्खला मान्नु उपयुक्त छ ।

तर कित कोही मान्छे चित्तहरूको शृङ्खला बाट मुक्त हुन चाहन्छ त ? विस्तृतमा हामी यहाँ जान सक्दैनौं । यति नै भनौं कि यो शृङ्खलालाई निवालेर हेरेमा तीन कुरा स्पष्ट हुन्छन् । यो मध्ये एक हो असन्तुष्टता । राग्रो-सँग हेरेमा साधारणतः काम गर्ने मन (चित्तको शृङ्खला) लाई बदल्नु आवश्यक देखिन्छ, यसको दास बन्नुको ठाउँमा यसलाई नियन्त्रण गर्नु आवश्यक देखिन्छ । चित्तको असन्तुष्टतालाई नदेख्ने साधारण व्यक्तिहरूले यसलाई बदल्नु पनि केही देख्दैन । तर एक साँचो बौद्ध साधकको लागि यस शृङ्खलाबाट मुक्त हुनु नै जीवनको लक्ष्य हुनु पर्दछ ।

यो मुक्ति चित्त शृङ्खलाको सत्य दर्शनले प्राप्त गर्न सकिन्छ, र यसको एक उत्तम उपाय हो मानसिक अवस्था-हरूको शृङ्खलालाई अनुसरण खोज्नु । यो उपाय बुद्ध स्वयंले गर्नु उपयोग गर्नु भएका थिए । उहाँले यसलाई "पूर्व जन्महरूको स्मृति" भन्नु भयो ।

अलिकति मेहनतले पनि धर्मका प्रतिकात्मक शब्द-हरूलाई बुझ्न सकिन्छ र व्यवहारिक जीवनमा सजिलैसित उतार्न सकिन्छ ।

गौतम बुद्धका सरल र सोझो उपदेशहरूको माझमा अकस्मात स्वर्गीय जीवहरू, अलपझान जीवहरू वा पशु योनीमा जन्म भएका मानिसहरूको सन्दर्भ आउँदा अलि असजिलो लाग्छ । यस्तो अवस्थामा रोकिएर यी प्रतिक-हरूको सांकेतिक अर्थ केलाएर हेर्नु उपयुक्त हुन्छ ।

( साभारः म्याजिक अफ बुद्धिजम )

★

२५३१ औं बैशाख महोत्सवको उपलक्ष्यमा

हार्दिक शुभ–कामना

नेपालमा सर्वप्रथम विश्वप्रख्यात फ्रेन्च प्रविधिद्वारा उत्पादित उच्च गुणस्तरको

पाउरोटीहरू

फ्रेन्च ब्रेड, जर्मन ब्रेड र व्हाईट ब्रेड

का साथै अन्य

वर्थडे केक, पेष्ट्रिज र थरी थरीका स्वादिष्ट बिस्कुटहरू

सुपथ मुल्यमा उपलब्ध छन् ।

( थोक बिक्रीको लागि सम्पर्क राख्नुहोस् । )

काठमाडौं पाउरोटी उद्योग लि.

बिक्री कक्ष, जुद्ध सडक, काठमाडौं ।

० दर्शन

# बौद्ध पुनर्जन्मको नयाँ व्याख्या

– भिक्षु अरियानन्द, अस्ट्रेलिया

धेरै कट्टर बौद्धहरूले हाम्रो यो वर्तमान जीवन वास्तवमा जीवनहरूको लामो श्रृङ्खला मध्ये एक हो भनी मान्छन् । मृत्यु यसको अन्त होइन । हरेक मृत्यु पछि अर्को जन्म आउँछ– यहाँ वा कुनै अर्को ठाउँमा, मानिस वा कुनै अर्को रूपमा मानिसको भविष्यका जीवनहरूलाई उसका पूर्व कर्महरूले नियन्त्रण गर्दछन् । राम्रा कर्महरूले भावी जन्म पृथ्वीको कुनै असल, धनी कुलमा वा कुनै एक स्वर्गमा जन्माइ दिन्छ; र नराम्रा कर्महरूले भावी जन्म कुनै एक नरक वा दयनीय ठाउँमा पुऱ्याइदिन्छ । हुनत मानिसको भावी स्थान वर्तमान जीवनका कर्महरूमा बढी भर पर्छन्, खास गरी जीवनको अन्तिम अवस्थाको कर्ममा । पूर्व जन्मका ती कर्महरूले पनि, जसका फल उसले भोगेका छैनन्, उसलाई प्रभाव पार्छन् । कर्म र फलको यो प्राकृतिक नियमले सँधै न्याय गर्छ, चाहे यसको लागि युगौं युग किन नबितोस् ।

जन्म र मृत्युको यो श्रृङ्खला अनन्त कालदेखि हुँदै आएको छ; र यदि आफै यसबाट फुट्कन खोजेन भने अनन्त कालसम्म जानेछ । यो श्रृङ्खलालाई "संसार" भनिन्छ । यसबाट मुक्तिलाई "निर्वाण" भनिन्छ, जुनकि प्रकृतिको सत्य स्वरूपलाई भित्रैदेखि बुझ्नाले प्राप्त हुन्छ । पुनः जन्महरू रोक्ने निर्वाणको प्राप्ति नै बौद्ध साधकहरूको उद्देश्य हो ।

हुनत बौद्ध राष्ट्रहरूमा जीवनको यो व्याख्यालाई ध्रुव सत्यका रूपमा मानिन्छन्, तर सजिलैसित लिनलाई शंका गर्न पनि सकिन्छन् । साँचो कुरो हो कि एक दुई जना बालकहरूले पूर्व जन्मका कुरा सम्झन सक्छन् भनेर दावी गरिन्छन्, तर संसारमा यस्तो कोही पनि छैन जो आफूलाई जन्म र मृत्युको युगौंदेखि चलिरहेको श्रृङ्खलामा स्पष्टसंग बाँधिएको महशुश गर्छन् र तुरन्तै यसबाट मुक्त हुन ठूलो आवश्यकता देख्छन् ।

मानौं यी सबै कुरा एक रूपक हो जसमा "जन्म" र "मृत्यु" को वास्तविक अर्थ मानसिक भावना (चित्त) का उत्पन्न र विनाश हुन् । यी शाब्दिक अर्थहरू चेतनाको श्रृङ्खला सम्बन्धि हाम्रो वर्णनसंग मिल्न आउँछ । मृत्युको एकै क्षण अगाडि के हुन्छ भन्ने कुरा तल दिइन्छ जुनकि बौद्धग्रन्थहरूमा उल्लेखित छन्–

"मरणासन्न व्यक्तिले पूर्व जन्मका कुनै असरदार कुराहरू सम्झन्छन् र मनको आँखाले त्यो घटना सम्बन्धि कुनै कुरो देख्छन् । कसैको हत्या गर्ने हत्याराले सायद चक्कु सम्झदो होला; र एक दयालुले कुनै एक व्यक्तिलाई सम्झदो होला जसलाई उसले उद्धार गरेको थियो । यो कर्म पछि भावी स्थान आउँछ । हत्याराले सायद नाटकीय अग्नी देख्दो होला, दयालुले स्वर्ग देख्दो होला ।"

दशौं शताब्दीको मनोवैज्ञानिक पुस्तक अभिधम्मत्थ संग्रहमा पनि त्यस्तै कुरो छ–

"मरणासन्न व्यक्तिले निम्न ३ कुराहरू सम्झन्छन्–

१) भविष्य निर्धारित गर्ने कर्म

२) कर्म चिह्न, कुनै वस्तु जुन कर्म गर्नलाई प्रयोग गरिएको थियो ।

३) फल चिह्न, नयाँ जन्ममा अनुभव गरिने कुनै प्रतिक चिह्न"

यो वर्णन हामीले वर्णन गरेको श्रृङ्खलासँग ठ्याम्मै मिल्दछ । कर्म चिह्न एक मानसिक भावना (चित्त) अन्त हुने बेलाको विवरण हो, फल चिह्न त्यसपछि उत्पन्न हुने प्रतिबिम्ब हो र छनौटको काम नै कर्म हो । स्वर्ग वा नरक, जहाँ पुनर्जन्म हुन्छ, ती हुन् मानसिक भावना (चित्त) हरूबाट उत्पन्न राम्रा नराम्रा मानसिक अवस्थाहरू । जीवन – काल भन्नु नै हरेक चित्तका अवधि हुन् ।

पाली शब्दकोषमा वर्णित "प्रतिसन्धि" अर्थात पुनर्जन्मको वास्तविक अर्थ पुनर्जन्म होइन । यसको शाब्दिक अर्थ हो पुनः सन्धि (श्रृङ्खला) । त्यसैले हामीले विचार गरेको ठीक हुन सक्छ । "जीवको जन्म र मृत्यु" लाई "मानसिक चित्तहरूको उत्पत्ति र विनाश", तथा बौद्धहरूको "संसार" लाई चित्त वा चेतनाहरूको श्रृङ्खला मान्नु उपयुक्त छ ।

तर किन कोही मान्छे चित्तहरूको श्रृङ्खला बाट मुक्त हुन चाहन्छ त ? विस्तृतमा हामी यहाँ जान सक्दैनौं । यति नै भनौं कि यो श्रृङ्खलालाई नियालेर हेरेमा तीन कुरा स्पष्ट हुन्छन् । यी मध्ये एक हो असन्तुष्टता । राम्रोसँग हेरेमा साधारणतः काम गर्ने मन (चित्तको श्रृङ्खला) लाई बदल्नु आवश्यक देखिन्छ, यसको दास बन्नुको ठाउँमा यसलाई नियन्त्रण गर्नु आवश्यक देखिन्छ । चित्तको असन्तुष्टतालाई नदेख्ने साधारण व्यक्तिहरूले यसलाई बदल्नु पन केही देख्दैन । तर एक साँचो बौद्ध साधकको लागि यस श्रृङ्खलाबाट मुक्त हुनु नै जीवनको लक्ष्य हुनु पर्दछ ।

यो मुक्ति चित्त श्रृङ्खलाको सत्य दर्शनले प्राप्त गर्न सकिन्छ, र यसको एक उत्तम उपाय हो मानसिक अवस्थाहरूको श्रृङ्खलालाई अनुसरण खोज्नु । यो उपाय बुद्ध स्वयंले गर्नु उपयोग गर्नु भएका थिए । उहाँले यसलाई "पूर्व जन्महरूको स्मृति" भन्नु भयो ।

अलिकति मेहनतले पनि धर्मका प्रतिकात्मक शब्दहरूलाई बुझ्न सकिन्छ र व्यवहारिक जीवनमा सजिलैसित उतार्न सकिन्छ ।

गौतम बुद्धका सरल र सोझो उपदेशहरूको माझमा अकस्मात स्वर्गीय जीवहरू, अरूपवान जीवहरू वा पशु योनीमा जन्म भएका मानिसहरूको सन्दर्भ आउँदा अलि असजिलो लाग्छ । यस्तो अवस्थामा रोकिएर यी प्रतिकहरूको साँच्चैको अर्थ केलाएर हेर्नु उपयुक्त हुन्छ ।

( साभारः भ्वाइस अफ बुद्धिज्म )

★

२५३१ औं बैशाख महोत्सवको उपलक्ष्यमा

हार्दिक शुभ–कामना

नेपालमा सर्वप्रथम विश्वप्रख्यात फ्रेन्च प्रविधिद्वारा उत्पादित उच्च गुणस्तरको

पाउरोटीहरू

फ्रेन्च ब्रेड, जर्मन ब्रेड र व्हाईट ब्रेड

का साथै अन्य

वर्थडे केक, पेष्ट्रिज र थरी थरीका स्वादिष्ट बिस्कुटहरू

सुपथ मुल्यमा उपलब्ध छन् ।

( थोक बिक्रीको लागि सम्पर्क राख्नुहोस् । )

काठमाडौं पाउरोटी उद्योग लि.

बिक्री कक्ष, जुद्ध सडक, काठमाडौं ।

० राजनीति

# बुद्धले हामीलाई बचाउन सक्छन्

– पं. जवाहर लाल नेहरू

आजका व्यक्तिगत, राष्ट्रिय र अन्तरराष्ट्रिय समस्याहरूलाई बुद्धको सन्देशले ठीक तरीकासँग हेर्न सकिन्छ ।

बैशाख महोत्सवले मानिसहरूलाई व्यक्तिगत, राष्ट्रिय र अन्तरराष्ट्रिय समस्याहरूलाई झन झन गहराईमा अवलोकन गर्न लगाएको छ, र उनीहरूलाई बुझाएको छ कि उनीहरूले दैनिक, राजनैतिक, वैज्ञानिक, प्राविधिक र अन्य क्रियाकलापहरूको साथ केही मात्रामा आध्यात्मिकताको पनि मिलन गर्न खोज्नु परेको छ ।

विज्ञानको उन्नतिले मानवतालाई घेरै कुरा दिइसकेका छन्, तर यसमा केही कमि छ, त्यसैले वैज्ञानिक उन्नतिले कहिलेकाहिं विनाश ल्याउँछ । विज्ञानका उपलब्धिहरूबाट निस्केका शक्तिहरूलाई नियन्त्रण गर्ने कुनै प्रकारको आध्यात्मिकताको कमि छ ।

आजको संसारमा हामी अनौठो तमाशा देख्छौ कि मानव समाजका बहुसंख्यले, सायद सबैले, शान्ति चाहन्छन्, तर किन हो किन दुष्टता र हिंसाका शक्तिहरू बलियो हुन्दै छन्, जसबाट घृणा उत्पन्न हुन्छन् र अरूलाई नाश पार्ने र सताप पार्ने प्रवृति आउँछन्, जसबाट फेरि उत्पन्न हुन्छन् घृणा नै ।

निश्चय नै यो एक दुष्ट चक्र हो । कसरी हामी यसबाट फुट्कन सक्छौ ? घेरै वर्ष र धुप्रै पुस्ताहरूदेखि हामी यसबाट उम्कन असफल भइआएका छौं ।

साधारण राजनीति भन्दा भिन्दै कुनै एउटा उपाए पक्कै हुनु पर्दछ जसबाट हामी यी समस्याहरूसँग जुझ्न सकौं । मलाई लाग्दछ कि यी समस्या कुनै अर्को तरिकाले समाधान नगरेसम्म यसको समाधान हुने छैन र शान्तिको ठोकुवा गर्न सकिने छैन ।

हामी सबै शान्ति, परोपकार र सहयोगका कुरा गछौं, तर प्रायः हामी आफनो कर्तव्यलाई बदनाम हुने गरी अर्कै तरिकाले काम गछौं । हामी दुई बेग्लै जिन्दगी जिउँछौं– एउटा व्यवहारिक पक्षमा जोड दिएर, र अर्को एकान्त अवस्थाको बेला ।

यो अवस्था अब आइसकेको छ कि विश्वका समस्याहरूको समाधान गर्न प्रचलित राजनीतिको विषय भन्दा बाहिरको कुनै अत्यावश्यक तत्व भेट्टाउनु परेको छ ।

दुष्टता र हिंसाका शक्तिहरू यति बलिया भइसकेका छन् कि यदि यिनीहरूलाई नरोकिएमा यिनीहरूले विश्वलाई नै विनाशको मुखमा पुऱ्याइदिन सक्छन् ।

हिंसाको बाटो पक्कै राम्रो होइन; सिद्धान्तमा मात्र होइन इतिहास र वर्तमानका घटनाहरूले पनि यही पुष्टि गर्दछन् । हिंसाको बाटो व्यवहारिक बाटो होइन ।

मलाई थाहा छ, बौद्ध सिद्धान्त दैनिक जीवनमा नितान्त आवश्यक कुराहरूलाई वर्णित गर्दैनन्, यिनीहरूले गहन विषयहरूमा जोड दिन्छन् । तैपनि यसका चिन्तनहरूले मानिसहरूलाई घेरै प्रभाव पारेको छ । यो भन्नु सत्य होइन कि बुद्ध–धर्म भारतबाट लोप भइसकेको छ ।

यसमा शंका छैन कि बुद्धका सन्देश र व्यक्तित्वले जनमानसको विचार र जीवनमा प्रभाव पारेका छन् । यसलाई कसैले निकाल्न सक्दैन ।

विश्वमाथि कालो बादल छाएको छ र मानव नियन्त्रण बाट उम्कन खोजिरहेका छन् युद्धका वायुमण्डल । यसलाई नियन्त्रण गर्न सकिन्छ यदि मानिसले हजारौं वर्ष अघिका बुद्धका सन्देशहरूलाई बुझेमा ।



मानव समाजलाई नयाँ द्वन्द र युद्धहरूबाट बचाउन नयाँ मार्ग कुनै भेट्टाउन सकिदैन, बरू गौतम बुद्ध -विश्वका सर्वोतम मार्ग खोजक– का पुरानो बाटोले नै बचाउन सक्छन् ।

मानस चेतनाबाट वैमनस्यता, युद्ध र हिंसा हटाउन म कुनै बाटो भन्न सक्दिन । र यो नहटेसम्म विरोध र द्वन्द रहिरहने छन्, र विश्व अगाडि बढन सक्ने छैन ।

यस्तो गम्भीर अवस्थामा, म आशाको एक किरण देख्छु गौतम बुद्धको मार्गमा, जो विश्वका सर्वोच्च क्रान्तिकारीहरू मध्ये एक हुन् ।

मेरो मनमा केही चैन र विश्वास जाग्दछ– संसारमा जे भइरहेछ त्यसले होइन, बुद्धको सन्देशले । म विश्वस्त छु कि विश्वले युद्ध र हिंसाले नयाँ बाटो भेट्टाउन सक्दैन, विश्वले त विश्वका श्रेष्ठतम मार्ग खोजक गौतम बुद्धले देखाएको बाटो चुन्नु पर्नेछ ।

बैशाख महोत्सवको दिनमा हामी पुनः बुद्धको स्मरण गछौं । यदि हामीले बुद्धको बढी सम्झना गऱ्यौं भने, उहाँसँग जाने खुला हृदय र मनले सम्झना गऱ्यौं भने, हामीलाई भलो हुनेछ । जति हामी यसो गछौं, त्यति विशाल हामी हुन्छौं ।

जसले हजारौं वर्षसम्म संसारलाई प्रभावित गरे, हाम्रो र अन्य देशहरूको जनताको हृदयमा क्रान्ति ल्याइदिए, त्यस्ता भारतका सपुतका गुणहरू मानिसहरूले अवलोकन गर्नु पर्दछ ।

( साभार: बैशाख बुद्धिस्ट कल्चरल एक्जीहिबिसन सोभेनियर मागाजिन )

२५३१ गूगु स्वाँयापुह्लोया
लसताय् भिन्तुना
दंगु, भिगु व बाँलागु ऊयाः, खापायात
व खबाः स्वयगु ह्लायकं माःसा
जिमित लुमंका दिसं !

राजा ग्लास सेन्टर
असन बहाः
फोनः २२३९६३

२५३१ टँ क्यांगु
स्वाँयापुन्हीया लसताय्
छिकपिं सकसितं
दुनुगलँ निसेंया
भिन्तुना

आशारत्न पुष्परत्न
असन, ब्मलाछी, पेँ ।
( फुक्कं प्रकारया स्टेशनरी ज्वलं जिमिबाय् दु । )
फोनः २२३८३५

# के हक्यूंलिस बुद्ध भक्त थिए ?

[illegible]

[illegible] ( underground ) [illegible]

(साभार: [illegible])

★


२५३१ औं वैशाख पुर्णिमाको
पुनीत उपलक्ष्यमा समस्त
ग्राहकवर्गमा निरन्तर शान्ति
बनीरहोस् ।
विभिन्न प्रकारका मोटरका सामानहरूका
लागि सम्पर्क राख्नोस् ।

**बीर सिं अटो सेन्टर**

[illegible], काठमाडौं ।
[illegible]
[illegible]








# परिवार नियोजन र बुद्ध-धर्म

– डोंग पो लियोङ्, मलाया

[illegible]

कुनै कुनै राष्ट्रहरूमा गर्भपातलाई मान्यता दिइएको पाइन्छ। यो परिवार नियोजन होइन। यसमा पेट भित्रको जिउँदो बच्चालाई जानीजानी मार्ने गरिन्छ। गर्भपातलाई वैधानिक बनाउँदैमा नचाहिएका गर्भधानहरूलाई समाधान गर्न सकिँदैन भन्ने कुरा ती देशहरूमा विद्यमान निम्न नैतिकता र घृणित मनोवैज्ञानिक समस्याहरूबाट स्पष्ट छन्।

बुद्ध-धर्म अनुसार पारिवारिक जीवन र पारिवारिक सुख बौद्ध गृहस्थीहरूको लागि हुन्। गर्भाधान वा सन्तान उत्पादन विवाहको मूल उद्देश्य होइन। यो त जीवन साथी र सुरक्षा प्रदान गर्ने प्रेम र करुणाले युक्त दुई व्यक्तिको मिलन हो र समाजको एकाइ हो। दम्पतिलाई सुरक्षा प्रदान गर्ने एक तरिका यो हो कि राम्रोसँग हुर्काइएका सन्तानहरूले उनीहरू बूढा बूढी हुँदा र बिरामी हुँदा हेरचाह गर्नेछन्, उनीहरूको ख्याति बढाइ दिनेछन्। सन्तानहरूलाई यो अवस्थामा पुऱ्याउन आमाबाबुले माया गर्ने, हेरचाह गर्ने र सबभन्दा महत्वपूर्ण कुरो उनीहरूलाई शिक्षित बनाइदिने उत्तरदायित्व बोक्नु पर्दछ। यो कुरा ठीक तरिकाले गर्न परिवारको संख्या कम गर्नु व्यवहारिक छ। वैवाहिक जीवनमा यो सुख ल्याउन परिवार नियोजनका साधनहरू गौरवपूर्ण उपाय हुन्। यसका उपयोगिता बुझ्ने, व्यभिचार जस्ता अनैतिक कार्यमा नलाउने हो भने यिनीहरूको प्रयोग गर्नमा हिच्किचाउनु पर्ने केही छैन।

( साभार अनुवादः म्याइस अफ बुद्धिज्म, ६/१ )

★


२५३१ औं वैशाख महोत्सवको उपलक्ष्य

"क्लेसं घात्येंगु सत्य धर्मया परिभाषा थुइके माःगु दु,
सत्य धर्मया लँय् न्ह्याःवने फयमा धंगु मंगल कामना दु।"

ब्लू डायमण्ड

BLUE DIAMOND (Jeweller)

NEW ROAD GATE,
KATHMANDU.
Tel 2-23930

असल सुन (24 k), निन्दो सुन (22 k) र 18 k सुनका बिभिन्न नयाँ डिजाइनका सामानहरू, हिराका सामानहरू, साथै सकलो नवरत्न पत्थरहरू पनि पाइन्छ।

★ अर्डर अनुसार बनाइन्छ।
★ सामानहरूको ग्यारेन्टी दिइन्छ।
★ यहाँ हिराको र अरू पत्थरहरूको जाँच गरिन्छ।

( Buy gold, jewelleries, diamonds and other precious stones. Add more prestige in your life. )




० इतिहास

# राम जेठो कि बुद्ध ?

– प्रकाश बज्राचार्य

यस लेखका लेखकलाई विश्वास छ कि राम बुद्धभन्दा कान्छो थिए। बुद्ध पछि मात्र रामलाई देउता मानिएको हो। अर्थात रामायण काल्पनिक भएता महर्षि बाल्मिकी, जसमा स्वयं रामचन्द्र गौतम बुद्ध ( इ. पू. ५६३–४८३ ) भन्दा पहिला थिए। प्रमाण स्वरूप केही तर्कहरू प्रस्तुत गर्दछौं।

१) पहिलो कुरो त बुद्धकालीन समयमा राम भन्ने देउता थिएन। त्यतिबेला हिन्दूहरूको मुख्य देउताहरू इन्द्र र ब्रह्मा थिए। विष्णु र शङ्कर चलनमा थिएनन्, गौण थिए।

बुद्ध कालको ऐतिहासिकता प्रमाणित भइ सकेको छ, जबकि रामायण (र महाभारत पनि) को ऐतिहासिक काल वा बाल्मिकी कालको बारे अनुसन्धान गर्न बाकि नै छन्। रामायण वा बाल्मिकी कालको ऐतिहासिकता प्रमाणित नभएकोले नै रामायणलाई परापूर्व कालको बुद्ध भन्दा धेरै अगाडिको भनी विश्वास गरिन्छ– जुनको पक्षत हो। ऐतिहासिकताको दृष्टिकोणले पालि त्रिपिटक बढी विश्वसनीय छ। पालि त्रिपिटकमा वर्णित प्राचीन भारतलाई इतिहासकारहरूले बढी प्रमाणित भनी एक मतले मानेका छन्।

२) राम वैदकालीन देउता होइन। राम बुद्धकालीन देउता पनि होइन। त्रिपिटक अनुसार बुद्धकालमा हिन्दूहरूको मूल धार्मिक ग्रन्थ तीन वेदहरू थिए; रामायण त्यति बेला थिएन। बुद्धकालीन घटनामा कहिं कतै राम वा रामायणको उल्लेख भएको पाईदैन। त्रिपिटकमा तत्कालिन समाजमा प्रचलित धर्म गुरूहरू (महावीर, मक्खलि गोशाल आदि) र धार्मिक अभ्यासहरू (जैन धर्म, वैदिक कर्म काण्ड, योगाभ्यास आदि) को राम्रो व्याख्या पाइन्छ। तर राम, रामायण वा बाल्मिकीको बारेमा कहिं कुनै उल्लेख छैन। त्यसैले भन्न सकिन्छ कि बुद्धको पालोमा राम थिएन।

३) बुद्धकालमा 'लङ्का' थिएन। वर्तमान श्रीलंकालाई त्यतिबेला ताम्रपर्णी द्विप भन्ने गरिन्थ्यो, यसमा विवाद छैन। यसबाट भन्न सकिन्छ कि रामायणको घटना बुद्धको पालोमा भएको थिएन। केही आधुनिक इतिकारहरूले 'रामायणको लंका' श्रीलंका थिएन, कुनै दक्षिण भारतिय प्रदेश हुनु पर्दछ भनी शंका गरेका छन्। मनन गर्न योग्य छ कि बुद्धकालको जम्बुद्विप (भारत वर्ष) मा लंका नाउँको कुनै ठाउँ थिएन। पालि बौद्ध साहित्यहरूमा बुद्धकालीन द्विप, महाराज्य, महानगर, महाजनपद आदि राष्ट्रसित उल्लेख गरिको पाइन्छ; तर यसमा 'लंका' पाउन सकिँदैन। आधुनिक केरलालाई त्यसबेला पाण्डिय, तामिलनाडु र आन्ध्र प्रदेशलाई चोल देश र कर्नाटकलाई चलाकि भनिन्थे।

४) रामचन्द्रको अयोध्या बारेमा केही कुरा गरौं। रामको पालोमा 'अयोध्या' नाम्क सानो गाउँ थिए। तर त्यो गाउँ आजको अयोध्या वा रामचन्द्रको अयोध्या भन्न मिल्दैन किनकि आजको अयोध्या घाघरा (वा सरयू) नदीको किनारामा पर्दछ, तर बुद्धकालीन अयोध्या गंगा नदीको तेरेमा पर्थ्यो।

सौन्दै त रामायणमा उल्लेखित रामचन्द्रको अयोध्या बुद्धको पालोमा छँदै थिएन। बुद्धकालमा कोशल देश (पश्चिमी उत्तर प्रदेश) को राजा प्रसेनजितले आफ्ना राज्यमा ठूला ठूला धनपतिहरू नभएकाले मगध (पटना+गया) को राजा बिम्बिसारलाई कुनै एक सेठ कोशल पठाउन आग्रह गरेका थिए। बिम्बिसारले आफ्नो देशको सेठ धनञ्जयलाई कोशलमा पठाए। राजा प्रसेनजीतले आफ्नो देशमा बस्न आउने उक्त सेठको लागि राजधानी श्रावस्तिको दक्षिणतिर एक नयाँ शहर बनाइ दिए। सन्ध्याकालमा बसाइएको शहर हुनाले यसलाई 'साकेत' भनियो। सरयू (सरयू) नदी किनार बसेको सो साकेत नगर नै वर्तमान अयोध्या हो भनी धेरै विद्वानहरूले किटान गरेका छन्। यसरी रामचन्द्रको अयोध्या वास्तवमा बुद्धको पालोमा बनाइएको शहर साकेत हो।

५) रामायणको अर्को मुख्य पात्र हो– रावण। केही कुरो उनको विषयमा पनि। प्रथमत हिन्दू पुराणहरू बुद्ध भन्दा पछि रचिएका हुन् भन्ने कुरामा सबै एकमत छन्। पुराणको एक रचयिता महर्षि पुलस्तय रावणको बाजे थिए। यसरी रावणको बाजे पुलस्तय बुद्धकाल भन्दा पछिको भएकाले रामायणकाल बुद्धकाल भन्दा पछिको भन्न सकिन्छ।

६) महायानीहरूको नौ पूजनीय ग्रन्थहरू छन् जसलाई नवरत्न भनिन्छन्। यी मध्ये एक हो लंकावतार सूत्र। यो ग्रन्थलाई नेपालमा पूजा गरिन्छ पनि। यो विज्ञानवाद (महायान) को मूल ग्रन्थ हो जसमा विज्ञान (चित्त) मात्र सत्य अन्य सबै मिथ्या भनी प्रतिपादन गरिएको छ।

लंकावतार सूत्रको अर्थ हो लंकाको राजा रावणलाई धर्म उपदेश। दश अध्याय हुने यस ग्रन्थमा रावणलाई बुद्धले उपदेश दिन्छन्। यसबाट स्पष्ट हुन्छन् कि रावण बौद्ध थिए। रावण बौद्ध हुनाले उनी बुद्धभन्दा पछिका ठहरियो। सोही कारणले राम पनि बुद्ध पछिका सिद्ध हुन आउँछन्। रावणलाई बौद्ध बनाउनेता पनि उनको पालामा बौद्ध दर्शन (विज्ञानवाद) प्रचलित भइसकेको थियो; र विज्ञानवाद दर्शन बुद्धको ८०० वर्ष पछि तिस्केका थिए। यस सूत्रका रचयिताले रावणलाई बुद्धले उपदेश दिएको कल्पना गरेको (?) ले भन्न सकिन्छ कि रावण, र राम पनि, बुद्ध भन्दा अघिका पात्र थिएनन्।

७) लंकावतार सूत्रको दशौं अध्यायमा भविष्यवाणी गरिएको पाइन्छ (त्यसैले यो अध्याय पछि मात्र थपिएको भनी धेरैले भन्छन्।)। यसमा बुद्ध स्वयं भन्छन् कि बुद्ध परिनिर्वाणको १०० वर्ष पछि कौरव, पाण्डव, राम, चन्द्रगुप्त आदि राजा हुनेछन्। यी मध्ये चन्द्रगुप्त सौन्दै नै बुद्ध परिनिर्वाणको १५० वर्ष पछि राजा बनेको ऐतिहासिक प्रमाण पाइएको छ। यस भविष्यवाणीबाट भन्न सकिन्छ कि राम बुद्धभन्दा कान्छो थिए। भविष्यवाणीमा उल्लेखित ऐतिहासिक व्यक्तिहरू सबै सौन्दै बुद्धकाल पछिका भनी सिद्ध हुनाले राम सम्बन्धि बुद्धको भविष्यवाणी पनि मान्यता दिन योग्य छ। सोही अध्यायमा महर्षि बाल्मिकीको बारेमा पनि भविष्यवाणी गरिएको हुनाले रामचन्द्रको रामायण काल्पनिक भएपनि त्यसलाई बुद्धकाल पछिको भन्न सकिन्छ।

रमाइलो कुरा यो छ कि बुद्धको एक हजार वर्ष जति पछिको जातक अर्थ कथाका एक कथा रामको पाइन्छ जुनकि रामायणसँग धेरै भिन्छ पनि। यसमा रावण वा लंका सम्बन्धि कुरो छैन। यसमा रामले सीता बिहा गर्छन्, अनि दशरथको आज्ञा अनुसार बनबास जान्छन्। कथा अनुसार सीता रामको बहिनी थिइन्। त्यसताका साबे दिदी बहिनीसँग विवाह गर्ने चलन भएकोले यसमा आश्चर्य मान्नु पर्ने केही छैन। यो कथा बढी व्यवहारिक देखिन्छ र सायद यसैबाट बाल्मिकीले रोमांचनीय रामायणको श्रृजना गरेको पनि हुन सक्दछ। वा दुबैले तत्कालीन प्रचलित कथालाई उद्धृत गरेको हुन सक्दछ।

हिन्दूहरूको अनुसार राम विष्णुको ७ औं र बुद्ध ९ वौं अवतार हुन्। यसैले गरेर धेरैलाई राम बुद्धभन्दा जेठो भनी भ्रम परेका हुन्। वास्तवमा १२ औं शताब्दीमा जयदेवको पालोमा मात्र यी दश अवतारवाद पूर्ण चलनमा आएका थिए।

रामायणको विषयमा लेखकको विचार यस्तो छ– बुद्ध परिनिर्वाणको झण्डै दुई शय वर्ष पछि बुद्धकालीन नगर साकेतलाई अयोध्या भनियो। त्यहीं दशरथको छोरो रामचन्द्रको जन्म भयो। उनको जीवन बौद्ध जातक अनुरुप हुन सक्दछ। त्यस पछि वा त्यही समयमा भारतको दक्षिणतर्फ लंका नामको ठाउँ बने वा बनाइए, जहाँ रावण नामक असुर राजा राज्य गर्दथे। सायद उनी बौद्ध थिए। पछि बाल्मिकी नामक ऋषिले रामलाई देवता र रावणलाई राक्षस बनाई रामायणको रचना गरे। यो लेखकको धारणा हो। वास्तवमा रामायण एक हल्य कथा मात्र भएको र सोहीलाई बाल्मिकीले लिपिबद्ध गरेको मात्र पनि हुन सक्दछ। जे होस् यसबाट राम वा बाल्मिकी बुद्ध भन्दा पछिको ठहरिन आउँछ।

(साभार: इनाव, १/१७)

★


२५३१ सौं वैशाख पूर्णिमाको उपलक्ष्यमा हार्दिक शुभ-कामना गर्दछौं।

सस्तो, राम्रो, असल, गुणस्तर भएको, फलाम, काठ, सिमेन्ट आदि मा

प्रयोग गरिने, विभिन्न किसिमको स्वदेशी कच्चा

पदार्थबाट उत्पादन भएको गेरू रंग

शान्ति गेरू उद्योग

नरदेवि, काठमाडौं।

सेल्स एजेन्ट:

ज्ञान दर्शनमान तुलाधर

कल्पना फोटोको अगाडी

नरदेवि

० इतिहास

# बुद्ध र गणेश एकै हो !

– अनन्त रामचन्द्र कुलकर्णि

'बुद्ध र गणेश एकै हो' यो पढेर धेरैलाई आश्चर्य लाग्ला, तर मलाई पूर्ण विश्वास छ कि हिन्दूहरूको गणपति या गणेश बुद्ध नै हो। यस विचार धाराको पक्षमा तपाईहरूको अगाडि म तलका कारणहरू पेश गर्दछु। आशा छ तपाईहरूले विनीहरूमा निष्पक्ष बुद्धिले विचार गर्नु हुनेछ–

१) सर्वप्रथम कारण यो हो कि गणेश वैदिक (वेदकालिन) दौता होइन। बुद्धको जन्म पछि मात्र हाम्रो समाजमा गणेश पूजाको चलन चलेको हो। बुद्ध भन्दा पहिले गणेशको पूजा हाम्रो समाजमा प्रचलित थिएन।

२) बुद्धको गर्भाधारणको समयमा बुद्धको आमा मायादेवीले एक सपना देखेकी थिइन् जसमा ४ जना देउताहरू आएर मायादेवीको बिछौना उठाएर हिमालमा लगेको थियो र त्यहाँ मायादेवीलाई नुहाई सुनको बिछौनामा सुताएको थियो। मायादेवी सुतिं रहेको बेला एक हात्ती मायादेवीको पेटभित्र पसेको थियो। यस घटनाको ९ वा १० महिनापछि सिद्धार्थको जन्म भयो। भन्नाको तात्पर्य हात्ती नै बुद्धको रूपमा प्रकट भयो। फेरि यता गणेशलाई गजानन भन्ने चलन छ– गज अर्थात् हात्ती, आनन अर्थात् मुख। हात्तीको जस्तो मुख जसको हुन्छ उहि गजानन हो। यो त भनी राख्नु पर्दैन होला कि गणेशको मुख पनि हात्तीको जस्तै छ। यो पनि सबैलाई थाहा छ कि हात्तीको कान धेरै लामो हुन्छ, त्यस्तै बुद्धको कान पनि धेरै लामो थियो, यसको अर्थ अहिले पाठकहरूलाई स्पष्ट भयो होला। मायादेवीको यस सपनाको साथसाथै गणेशको पूजा बुद्ध जन्मेको पछि मात्र भएको हो भनी विचार गरेमा बुद्ध र गणेश एकै हो भन्ने स्वयं सिद्ध हुन्छ।

३) बौद्ध ग्रन्थहरूमा बुद्धलाई 'विनायक' पनि भनिएकोछ।

४) बौद्ध ग्रन्थहरूमा मात्रै नभई हिन्दूहरूको अमरकोषमा पनि बुद्धलाई 'विनायक' भनिएको छ। बुद्धलाई अमरकोषमा यसरी वर्णन गरिएको छ–

"सर्वज्ञः सुगतो बुद्धो धर्मराजस्तथागतः।
समन्तभद्रो भगवान्, मारजित् लोकजित् जिनः।
षडभिज्ञो, दशबलोऽद्वयवादी विनायकः।"

'विनायक' अर्थात् गणपति – यो त जुनसुकै हिन्दुले पनि मान्छ। तसर्थ गणेश बुद्ध नै हो।

५) गणपति या गणेश– यी दुवै शब्दहरूको माने एउटै हो। गणपति भन्नाले गणहरूको पति वा नेता बुझिन्छ। 'गण' उनीहरूलाई भनिन्छ जो प्रजातन्त्र राज्य प्रणालिमा बसेका छन्। तर यो पनि निर्विवाद सत्य हो कि जुन शाक्यहरूको बीच बुद्धको जन्म भएको थियो उनीहरू 'गण' हरू थिए। यस्ता शाक्यहरूको नायक (पति) थियो– गौतम बुद्ध। त्यसैले बुद्धलाई शाक्यसिंह पनि भनिन्छ।

६) हाम्रै समाजमा 'गणेश' बुद्धकै नाउँ हो भन्ने पनि प्रचलित छ। एक पदमा भनिएको छ–

"गौरीको बुद्ध गणेश भयो।"

७) हरेक मंगलवार हाम्रो गणेशलाई पूजा गर्ने चलन छ– त्यो पनि सबभन्दा पहिले। यसको अर्थ के हो? आज हामीहरू बुद्धको युगमा बाँचिरहेका छौं। भगवान बुद्धलाई हिन्दुहरू विष्णुको नवौं अवतार मान्छन्। सातौं तवतार राम तथा आठौं कृष्ण अवतार सकिसक्यो। त्यसैले ब्राह्मणहरू पूजाको बेला सङ्कल्प गर्ने समयमा 'बौद्धावतारे' मन्त्र भनेर यो सिद्ध गर्दछन् कि अहिले हामीहरू बुद्धको युगमा छौं। त्यसैले जुन भगवान् बुद्धको युगमा हामी अहिले छौं, उसको पूजा गर्नु हाम्रो परम कर्तव्य हो र यसैले अरू सबै देउता-हरूभन्दा पहिले उहाँकै पूजा गरिन्छ।

यी कुराहरूबाट भन्न सकिन्छ कि बुद्ध तथा गणेश एकै हो। यो भयो बुद्धको अप्रत्यक्ष रूपमा पूजा। बुद्धको पूजा आज भारतमा प्रत्यक्ष रूपमा गर्नु परेको छ, किनकि आज भारतमा गणराज्य छ जसको मुख्य देउता भगवान् बुद्ध हो। हामीले अशोकचक्र भन्ने गरेका भगवान बुद्धको धर्मचक्र हाम्रो राष्ट्रिय झण्डामा अंकित छ। यसबाट स्पष्ट हुन्छ कि भगवान् बुद्ध हाम्रो देशको प्राण हो, हाम्रो गण-राज्यको बीज हो। त्यसैले बुद्ध नै हाम्रो गणपति हो भन्ने कसले मान्दैन र? त्यसले हरेक देशभक्त भारतमा बुद्धको पूजा प्रचलित गराउनमा कटिबद्ध हुनु पर्दछ यसै तरीका-बाट मात्रै हामी हाम्रो देशलाई अमर पार्न सक्दछौं, भन्न सकिदैन।

(साभारः धर्मकीर्ति, १९७९)


छु छिं मिरवां मछूला ?

अय्सा जिमिथाय् मिखा तेल्लाइगु, थोगु, सिच्चुइगु
धंधंगु चस्माया नापं छिगु पुलांगु चस्माया खाः फ्रेम
हिलेत व न्हूथें च्वंक दंक भिक ल्हुनेत नं
जिमिथाय् हे फ्रासें न्है !

पायोनीयर अप्तिसियन्स
असन, बालकुमारी
काठमाडौं, नेपाल

Pioneer Opticians
Asan, Balkumari
Kathmandu, Nepal.

० राजनीति

# बौद्ध दर्शन र प्रजातन्त्र

– भिक्टर प्रधान

जब केही कुराको कमी भएको मासिहरू अनुभव गर्दछन् त्यस कमीलाई हटाउन समाजभित्र संघर्ष हुन्छ र आवश्यकतानुसार कुनै वाद, मत वा दर्शनको जन्म हुन्छ। यसर्थ कुनै पनि वाद, मत वा दर्शनमा तात्कालीन समयका दोष र खराबीहरू हटाउन मनन र चिन्तन गरिएको हुन्छ। बुद्ध दर्शन पनि बुद्धकालीन समाजको दूषण र अवरोधहरूको विरुद्ध प्रजातान्त्रिक विकासवादी नाराहरू लिएर खडा भएको वाद हो। बुद्धकालीन समाजको अशान्तिले गर्दा नयाँ नयाँ विचारधाराहरू जन्मीरहेकै बेला बुद्ध दर्शन पनि देखा पऱ्यो। बुद्ध दर्शन प्रजातान्त्रिक विचारमा आधारित भएकोले अरू मत भन्दा व्यवहारिक र नैतिक भयो।

आजको संसार प्रजातन्त्रको निमित्त छट्पटाइरहेको छ र अहिले हामी २० सौं शताब्दीको मानवको हैसियतले भन्न सक्दछौं– बिना प्रजातन्त्र मनुष्य जीवन सार्थक छैन। आजको विश्वले प्रजातन्त्रको निमित्त जे खोजिरहेको छ त्यस सम्बन्धका धेरै कुराहरू भगवान बुद्धले ईशापूर्व ५६३–४८३ मा विश्वलाई दिइसकेका थिए। तर दुर्भाग्यवस भगवान बुद्धका दार्शनिक विचारधाराहरूसँग विश्वले परिचय पाउने मौका धेरै पछिमात्र पायो। अतः बुद्ध पछिका कतिपय अध्यात्मिक, भौतिक, राजनैतिक, वैज्ञानिक आदि धेरै क्षेत्रका सिद्धान्तहरूले भगवान बुद्धकै केही विचारधाराहरूलाई दोहऱ्याए। यस आधारमा हामी किटेर भन्न सक्तछौं मानव कल्याणकारी बौद्ध दर्शन बिघ्नै उच्चस्तरको रहेछ जुन पछि पछिका विद्वानहरूका परिष्कृत मतहरूसंग मेल खाइरह्यो।

भगवान बुद्ध को थिए भन्ने थाहा नपाइए उनमा के थियो र उनले के दिए भन्नेतिर जानु यथोचित हुँदैन। भगवान बुद्ध एक साधारण मानिस थिए भन्दा दैवी शक्तिले सुशोभित नभए पनि उनी त राजकुमार कसरी साधारण मानिस हुन सक्छन् भन्ने खालका भ्रमहरू फैलिन थालेका छन्। यस सन्दर्भमा हामीले यो बिर्सनु हुन्न कि भगवान बुद्धको जन्म–समयमा उनका जन्मस्थल वरपर अहिले जस्तो नेपाल र भारत दुई बेग्लै राष्ट्र मात्र थिएनन्, त्यहाँ धेरै नै राज्यहरू थिए। त्यस मध्ये भगवान बुद्ध जन्मेको देश कपिलवस्तु आसपासका राज्यहरू केही राजतन्त्रात्मक र केही गणतन्त्रात्मक थिए। त्यस ताकाका गणतन्त्रात्मक राज्यहरू कपिलवस्तु, वज्जी, देवदह, कोलिय, पावा, कुशीनगर थिए। तो गणराज्यहरूमा राज्यको शासनको निमित्त जनताले राष्ट्राध्यक्ष चुन्दथे तर तो राष्ट्राध्यक्षहरूलाई वंशानुक्रमिक राजा समान "राजा" शब्दले नै सम्बोधन गरिन्थ्यो र राजकीय सम्मान प्राप्त हुन्थ्यो। तसर्थ भगवान बुद्ध गणराज्य कपिलवस्तुका राजाका छोरा भएकोले उनले राजपाठको लोभलालच त्यागे भन्नु उचित देखिदैन; भगवान बुद्धले दरबारिया ऐश आरामलाई मात्र परित्याग गरेका थिए।

संसारको इतिहासबाट समय समयमा बिभिन्न राष्ट्रहरूमा शक्तिको निमित्त अनेक जालझेल, दाउपेच, खिंचातानी मारकाट भएको देखिन्छ। त्यसैले अधिकांश मानिसहरूले महसुस गरे– देशको शासनको सतारूढ समूह आम जनता नै हुनु पर्दछ। यसको निमित्त संसारमा अनेकन राजनैतिक उथल पुथलहरू आए। अन्तमा शान्तिप्रिय राजनीतिज्ञहरूले निष्कर्ष लिएको जनताको हित र स्वतन्त्रताको निमित्त प्रजातन्त्र चाहिन्छ। यस विषयमा भगवान बुद्ध भन्दथे– जुन देशमा गणतन्त्र हुन्छ (यहाँ गणतन्त्रको अर्थ जनताद्वारा चलाइएको प्रजातान्त्रिक सरकार हो।) त्यो देश विदेशी आक्रमणबाट पराजित हुँदैन। यही कुरा आजको मार्क्सवादी सिद्धान्तले भन्दछ। यसरी भगवान बुद्धको मतलाई आजको विकसित राजनैतिक विचारधाराले बिना संसोधन स्वीकार गर्दछ। बुद्धकालीन समाज विज्ञान जस्तो विषयमा अविकसित भए पनि त्यहाँ जनताको हितको निमित्त उचित व्यवस्था थियो। त्यस ताकाका त्यहाँका गणराज्यहरूमा अहिलेको प्रजातान्त्रिक राष्ट्रहरूमा झैं जनप्रतिनिधिहरूको व्यवस्थापिका सभा (संसद) को व्यवस्था थियो जसलाई संस्थागार भन्दथे। त्यहाँ देश भरिका जनप्रतिनिधिहरू भेला भएर छलफल र निर्णय गर्दथे।

ईशा भन्दा ५६३ वर्ष पहिला नै गणराज्यमा जन्मेकोले होला भगवान बुद्धमा कहिल्यै व्यक्तिवाद र स्वार्थीपन देखिएन। आफ्नो मतको लोकप्रियता बढ्दै गएको र आफ्नो उपदेशले धेरै मानिसहरू प्रभावित भएको देखेर उनले आफूलाई ईश्वरको दूत, ईश्वरको छोरा, ईश्वरको मानवावतार भन्न र भनाउन चाहेनन्। यस विषयमा तथागतको विचार थियो कुनै पनि मानिसले मानवतालाई नबिर्सेर आफूलाई हित हुने कुरा वा वस्तु ग्रहण गर्नु पर्दछ। उनी स्वयं भन्दथे– यदि कसैलाई उनको उपदेशले फायदा हुन्छ भन्ने निश्चय भए पालन गर्ने नत्र नगर्ने। उनको यो प्रजातान्त्रिक विचार आजको विश्वले सहर्ष स्विकार गर्दछ किन कि यसले कुनै पनि श्मनको भत्सर्ना गर्दछ, तानाशाहीको खण्डन गर्दछ र जनतालाई स्वतन्त्र हुनमा प्रोत्साहन दिन्छ। भगवान बुद्ध व्यक्तिवादी नभएकोले नै तात्कालिन कुण्ठित समाजको राम्रो अध्ययन पछि सकल मानवको एकैसाथ हित र सुख सम्भव प्रायः नभएकोले– "बहुजन हिताय बहुजन सुखाय" को प्रजातान्त्रिक एवं व्यवहार सम्भाव्य नारा लगाए। कुनै कुरामा पनि सबै मानिसको एकै मत हुन नसक्ने भएकोले तथागतले कुनै निर्णय गर्नु पर्दा बहुमतलाई नै निर्णय मान्ने चलन बताले। निःसन्देह त्यस बखत भगवान बुद्धले बहुमतको चलन भिक्षु समाजमा मात्र सीमित राखेका थिए तर पछिका विद्वानहरूले भगवान बुद्धको यस विचार निकै उत्कृष्ट, एवं निष्पक्षपान देखेर होला बहुमतलाई प्रजातन्त्रको एक अभिन्न अङ्ग माने। अब केवल भिक्षु समाजमा मात्र होइन संसारका सबै प्रजातान्त्रिक देशहरूमा बहुमतले निर्णय गर्ने चलन छ।

मानिसमा जति जति चेतना बढ्दै आयो नारी स्वतन्त्रता र अधिकारको निमित्त पनि संघर्ष चल्यो। किन्तु आजको २५०० वर्ष अगाडि भगवान बुद्धले आफ्नो जीवनकालमा नारी पुरुष बीचको भेदभाव हटाउने प्रयत्न गरेका थिए। उनी नारीलाई पनि पुरुष कै समान महत्व दिन्थे र कदर गर्दथे। एक दिन कोशलका राजा तथागतसँग ज्ञानको विषय बातचित गरिरहँदा दरबारमा आफ्नी रानी मल्लिकाबाट छोरी पाएको खबरले राजा खिन्न भए। तथागतले नारीको देन, दायित्व, महत्व र कर्तव्य बारे विश्लेषण गरेर राजालाई सन्तुष्ट पारेका थिए। स्त्री र पुरुषको समान अधिकार बौद्ध समाजमा छ, यसको निमित्त भिक्षु समुदायमा तथागतले भिक्षुणी शासन खडा गरेका थिए। स्वाल्पी मानिसहरूले कालान्तरदेखि भोगि आएको दुःख, कष्ट, अत्याचार, हीनता, पराश्रयिकता इत्यादिको अनुभव जब सुधारवादी विवेकशील मानिसहरूले परे र नारीहरू पनि चेतनशील भए अनि नारी स्वतन्त्रता र अधिकारको निमित्त आवाज उठ्यो, संघर्ष चल्यो र अन्तमा अधिकांश चेतनशील विवेकी मानवहरूले भगवान

बुद्धकै अपार विचारधाराको अनुशीलन गरे ।

भगवान बुद्ध नारीलाई मात्र होइन प्रत्येक मानवलाई समान दृष्टिले हेर्दथे । जन्मेले कोही ऊँच र कोही नीच हुन्छ भन्ने आधारहीन तर्कमा उनको विश्वास थिएन, उनी भन्थे मानवको उच्चता र नीचता तिनीहरूकै कार्यमा भर पर्दछ । भगवान बुद्ध सैद्धान्तिक रूपमा मात्र जातिभेद, रंगभेद नीतिका विरोधी थिएनन् व्यवहारिक रूपमा नै यस नीतिका विरोधी थिए । उदाहरणको निमित्त लिन सक्दछौं अनुपादिशेष निर्वाण हुन अगाडि उनले स्विकार गरेको चुन्द नामको चर्मकारद्वारा प्रदत्त भोजन ।

दुर्भाग्यवश भगवान बुद्धका प्रजातान्त्रिक दर्शन उनक परिनिर्वाण पछि धेरै कालसम्म कताकता लुप्त भयो, कठाङ्ग्रिएर बस्यो र धेरै पछि मात्र उनका उच्च, अपार र महान विचारधारा आम मानवले चिन्हे बुझे । यही दुर्भाग्यले गर्दा भारतीय स्वतन्त्रता संग्रामका अहिंसात्मक नेता महात्मा गान्धीले आफ्नो राष्ट्रका डविएका, किचिएका, शोषित, दीनदुःखी जनता जो खास गरेर अछूत तथा तिरस्कृत थिए, तिनीहरूलाई "हरिजन" शब्दले सम्मान गर्नु परेथ्यो । भगवान बुद्धको छुवाछूत जाति प्रथा हटाउने प्रयत्न त्यस बखत सर्वव्यापी सफल नभए पनि आजको विकसित मानवले हजारौं वर्षदेखि गरिआएको त्यस गल्तीलाई महसुस गरी जतातर्त यो प्रथाको अन्त गर्न त्याएका छन् ।

मानिस एक अर्कोसँग समान हुनु, मानिसबाट मानिसको शोषण नहुनु प्रजातन्त्रको एउट जीउँदो रूप हो । सन् १९४८ मा संयुक्त राष्ट्र संघद्वारा घोषित मानव अधिकारको अन्तरराष्ट्रिय घोषणा पत्रको दफा ४ मा दासप्रथा, दासता, दास व्यापार इत्यादिका समस्त रूपहरूमा सर्वथा प्रतिबन्ध लगाइएको छ । सबै मानिस समान छन् भन्ने तथागतको धारणाले गर्दा मनुष्यको बेचबिखनको तथागतले घोर निन्दा गरे र तथागतद्वारा निर्मित आर्य अष्टाङ्गिक मार्गमा मनुष्यको बेचबिखन विरुद्ध नियम बनाए । भगवान बुद्धको अनुपम विचारले तयार पारिएको यो नियम त्यस बखत उनी, उनका शिष्यहरू, उनका उपासक उपासिकाहरू र उनमा आस्था राख्ने व्यक्तिहरूमा मात्र सीमित भए पनि अहिले त्यही नियम विश्वभर कर्त दास प्रथाको अन्तको रूपमा र कर्त अरू नै रूपमा लागू भयो ।

यस प्रकार भगवान बुद्धका प्रजातान्त्रिक विचारधारा र सिद्धान्तहरू आजको विकसित एवं प्रजातान्त्रिक व्यवस्थाहरूले स्विकार गर्दछन् । साथै आजका विद्वतवर्गहरूको मतसँग उनका मतहरू नबाँझिएकोले बुद्ध दर्शनद्वारा सदाचारी प्रजातान्त्रिक समाजको आशा राख्न सकिन्छ । अस्तु ।

(साभारः आनन्दभूमि, २/१)


२५३१ गुरु स्वाँयापुह्लोया

भिंतुना

ताऊ तुइगु, ब्वाईं ब्वाईं वइगु,
म्हं चाःगु सावों दय्कीपिं

सिद्धि साबुन उद्योग
८/६ नख: स्वाः यें
फोन २-१३२०६




# सँधै ब्युँझने बुद्ध !

– श्री हर्षदेव भूपति

उदय पर्वत बस्ने रातो मूगा झैं देखिने
एकमात्र जगतको आँखा झैं अन्धकार नाश गर्ने
सूर्य पनि गर्वित भई विस्तारै सुत्न जान्छन्
छ सुप्रभात सँधै नै, दशबल तिम्रो लागि !

हस्त दन्त झैं सेतो भई रातमा आउने
स्वर्गको जुनेलो पनि शीतल रश्मि दिने
मद रागमा मग्न भएपछि विस्तारै सुत्न जान्छन्
छ सुप्रभात सँधै नै, दशबल तिम्रो लागि !

खान लाउन वस्न छाडी सँधै योगमा लीन रहने
विविध विधि बाट प्रेत झैं दुःखीत हुने
घर विहिन नग्न योगी पनि सुत्न जान्छन्
छ सुप्रभात सँधै नै, दशबल तिम्रो लागि !

अंगिर र भृगु, वत्स र गर्ग नाउँ हुने
ऋतु, पुलह, वशिष्ठ, व्यास, वाल्मिको भनिने
ऋषि सबै परस्त्रीमा मोहित भएमा सुत्न जान्छन्
छ सुप्रभात सँधै नै, दशबल तिम्रो लागि !

(साभारः दशबल स्तोत्र)


ख्युँ थाय् जः वय्का दिसँ ।

छिकपिंत योगु, भिगु व बल्लागु
एवरेडी ब्याट्री
छ्यला दिसँ ।

नेपाल लाइट सेन्टर
इन्द्रचोक, भेडासिङ्ग
काठमाण्डौं

# बुद्ध "धर्म" – आधुनिक दृष्टिकोणमा

छैठौं शताब्दी ईसापूर्वमा गौतम बुद्धले वेद र उपनिषदहरूका धेरै आधारभूत प्रस्थापनाहरूको आलोचना गरे। उनले एक सर्वोच्च सत्ता, विश्वको नैतिक नियंता र कानूनको आदि – स्रोतको रूपमा ईश्वरको अस्तित्वलाई मानेनन् र भने कि सबै मानवीय व्यापार मनुष्यको आफ्नै कर्ममा निर्भर छन्। बुद्धको अनुसार सर्वव्यापी कष्टबाट मुक्त हुन र निर्वाण प्राप्त गर्न "आर्य अष्टांगिक मार्ग" को अनुगमन गर्नु पर्छ, अर्थात् सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक जीविका, सम्यक प्रयत्न, सम्य स्मृति र सम्यक समाधिको पालन गर्नु पर्छ।

कष्टबाट मुक्त हुन बुद्धबाट निर्देशित यो मार्ग सामाजिक र राजनीतिक परिवर्तनको थिएन, बरू नैतिक र आध्यात्मिक साधनाको मार्ग थियो र सिद्धान्ततः यो सबैको लागि खुला थियो। यसरी बौद्धहरू सबै मानिसहरूको नैतिक – आध्यात्मिक समानताको स्वीकार गर्छन्। बुद्ध र उनका अनुयायीहरूले वर्ण विभागको अलगानताको स्वीकार गरेर वर्ण व्यवस्थालाई गर्हित ठहराए। बौद्धहरूको दृष्टिमा ब्राह्मण ऊ होइन जो ब्राह्मण कुलमा उत्पन्न हुन्छ, ऊ हो जसले आफ्नै कर्मले सिद्धि प्राप्त गरेको छ।

चौथो तेस्रो शताब्दी ईसापूर्व रचिएको बौद्ध ग्रन्थ "धम्मपद" मा भनिएको छ, "न कुनै मनुष्यलाई मात्र उसको जन्म वा जातिको कारणले ब्राह्मण मान्दिन।" यस्तो धारणा स्पष्टतः ब्राह्मणवादी विचारधारा भन्दा भिन्न थिए।

बौद्ध मतमा स्वयं "धर्म" ("धम्म") को अर्थ पनि धेरै बदलेको छ। यसको कारण बौद्धहरूको सामान्य विश्व–दृष्टिकोण पूर्वंवर्ती ईश्वरपरक मान्यताहरूबाट भिन्न हुनाले हो। सोवियत विद्वान् न. प. अनीकेयेव उपनिषद र भगवद्गीतामा प्रतिपादित विचार र बौद्ध विचारका भिन्नताको उल्लेख गर्दै भन्नु हुन्छ कि बौद्ध मत यस कुरोलाई मान्दैन कि अस्तित्वको मूलमा कुनै एक तत्व छ जसलाई ब्रह्म, आत्मा वा पुरुषको संकल्पनामा व्यक्त गर्न सकिन्छ। यसको ठाउँमा बौद्ध मत यो प्रस्थापना गर्छ कि अस्तित्वका सबै बहुरूपता कुनै आन्तरिक आध्यात्मिक आधारमा टिकेका छैनन् बरू आपसमा सार्विक परस्पर-निर्भरता र परस्पर–सापेक्षताको एक अविच्छिन्न श्रृङ्खलाबाट जुडेका छन्। बौद्ध दर्शनमा यसलाई "प्रतीत्य समुत्पादको नियम" को संज्ञा दिइएको छ, जुनकि एक प्रकारको कार्य–कारण नियम नै हो।

